# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) धनगढी, नेपाल, वैशाख ३१ गते, २०८३ साल (संख्या २

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालयको

## सूचना

सुदूरपश्चिम प्रदेश आयोजना छनोट सम्बन्धी मापदण्ड, २०८३



प्रस्तावना: जनचाहना र आवश्यकता बमोजिम प्रदेश सरकारले सञ्चालन गर्ने विकास तथा अन्य आयोजनाहरुलाई वर्गीकरण र प्राथमिकीकरण गरी स्रोत सुनिश्चितता सहित कार्यान्वयन योग्य बनाई पारदर्शिता, जवाफदेहीता, वित्तीय सुशासन, जनसहभागिता सुनिश्चित गर्दै समावेशी र समानुपातिक बाँडफाँड गरी सन्तुलित विकासका लागि उचित आयोजना छनोटको मापदण्ड निर्धारण गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ६७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस मापदण्डको नाम "सुदूरपश्चिम प्रदेश आयोजना छनोट सम्बन्धी मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "आयोग" भन्नाले सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोग सम्झनु पर्दछ।

(ख) "आयोजना बैङ्क": भन्नाले सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोग मार्फत् सञ्चालित प्रदेश आयोजना बैङ्कलाई सम्झनु पर्छ।

(ग) "आयोजना" भन्नाले प्रदेशको विकासको लागि कुनै विषयको क्षेत्रमा निश्चित अवधि भित्र खास उद्देश्य र लक्ष्य प्राप्तिको लागि सञ्चालन गरिने योजना वा आयोजना वा परियोजनालाई सम्झनु पर्दछ।

(घ) "कार्यालय" भन्नाले आयोजना कार्यान्वयन गर्ने निकाय सम्झनु पर्दछ।

(ङ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्दछ।

(च) "मन्त्रालय" भन्नाले आर्थिक मामिला मन्त्रालय सम्झनु पर्दछ।

(छ) "विषयगत मन्त्रालय" भन्नाले प्रदेश आयोजना छनोट तथा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी भएका प्रदेश सरकारका विषयगत मन्त्रालय सम्झनु पर्दछ।

## परिच्छेद-२

## आयोजनाको वर्गीकरण, प्राथमिकीकरण र छनोट

३. <u>आयोजना वर्गीकरणका आधार:</u> आयोजना कार्यान्वयनबाट प्रदेश विकासका विविध क्षेत्र र पक्षमा पुग्ने योगदान र कायम गर्नुपर्ने सन्तुलन समेतको आँकलन एवं मूल्यांकन गर्न आयोजनाको वर्गिकरण अनुसूची-१ मा उल्लेख भएका क्षेत्रगत आधारमा गर्नु पर्नेछ।





४. <u>आयोजनाको प्राथमिकीकरण:</u> (१) आयोजना प्राथमिकीकरण देहायका सामान्य र क्षेत्रगत आधारहरु बमोजिम गर्नु पर्नेछ:

(अ) सामान्य आधारः

(क) तीव्र, दिगो र रोजगारमुलक आर्थिक वृद्धिमा योगदान,

(ख) प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान,

(ग) दिगो विकास लक्ष्यहरु प्राप्तिमा योगदान,

(घ) सहभागिताको अवस्था,

(ङ) समावेशीकरणमा योगदान,

(च) आयोजनाको कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारी।

(आ) क्षेत्रगत आधारः

(क) चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा पुग्ने योगदान,

(ख) दिगो विकासका क्षेत्रगत लक्ष्य हासिलमा पुऱ्याउने सहयोग।

(२) आयोजना छनोट गर्नुपूर्व सो आयोजनालाई सामान्य र क्षेत्रगत आधारमा अनुसूची-२ बमोजिम प्राथमिकीकरणका लागि मूल्यांकन गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम आयोजना प्राथमिकीकरणका सामान्य र क्षेत्रगत आधारको मूल्यांकन अनुसूची-३ मा उल्लेख भएबमोजिम गरी ७५ वा सो भन्दा

बढी अङ्क प्राप्त गर्नेलाई पहिलो प्राथमिकता (P 1) र ७५ भन्दा कम अङ्क प्राप्त गर्नेलाई दोस्रो प्राथमिकता (P 2) आयोजनाको रुपमा उल्लेख गर्नु पर्नेछ।

५. **आयोजनाको लागत र रकमको न्यूनतम सीमाः** (१) प्रदेश सरकारबाट कार्यान्वयन हुने नयाँ आयोजनाको न्यूनतम क्षेत्रगत लागत सीमा अनुसूची-४ बमोजिम हुनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि देहायका आयोजनाको हकमा न्यूनतम लागत सीमा लागु हुनेछैनः

(क) चालु आर्थिक वर्षमा सम्पन्न हुने क्रमागत आयोजना,

(ख) चालु प्रकृतिका गोष्ठी, तालिम, अभिमुखीकरण जस्ता कार्यक्रम,

(ग) विपद जोखिम न्यूनीकरण सम्बन्धी आयोजना,

(घ) प्रदेश सरकारका विषयगत मन्त्रालय अन्तर्गतका कार्यालयका लागि निर्माण गरिने पूर्वाधारजन्य आयोजना एवम् अनुदान प्रदान गरिने अन्य कार्यक्रमहरु,

(ङ) झोलुङ्गे पुल।

६. **आयोजना बैङ्क र लागतको सीमाः** (१) प्रदेश सरकारबाट सञ्चालन गरिने रु. एक करोड भन्दा बढी लागतका, प्रदेशको सडक गुरुयोजना, २०८२, पर्यटन गुरुयोजना, २०७८, बहुवर्षीय ठेक्का सहमति प्राप्त आयोजना र





क्रमागत आयोजनाहरु अनिवार्य रुपमा प्रदेश आयोजना बैंकमा प्रविष्टि गर्नु पर्नेछ।

(२) विषयगत मन्त्रालयले उपदफा (१) बमोजिमको लागत सीमा भन्दा कमका आयोजनाको सूची (प्रोजेक्ट रोष्टर) तयार गरी आयोजना बैङ्कको विद्युतीय सूचना प्रणालीमा छुट्टै देखिने गरी अभिलेख राख्नु पर्नेछ।

७. **आयोजना छनोटः** (१) आयोजनाबाट पुग्ने योगदानको यथार्थ र वस्तुगत सूचकको आधारमा मूल्यांकन गरी आयोजनाको छनोट गर्ने जिम्मेवारी विषयगत मन्त्रालयको हुनेछ।

(२) उपदफा (१) बमोजिम आयोजना छनोटको लागि आधार तथा सूचकको मूल्यांकन गर्न अनुसूची-२ फारम प्रयोग गरी अति उतम, उत्तम, सामान्य र न्यून देखिएका आधार तथा सूचकका लागि छुट्टा छुट्टै अङ्क भार प्रदान गर्नु पर्नेछ।

(३) आयोजना छनोट गर्दा पहिलो प्राथमिकताका आयोजनालाई विशेष महत्व दिनु पर्नेछ।

(४) आयोजना छनोट गर्दा यस मापदण्डमा अन्यत्र उल्लेख भएका विषयका अतिरिक्त देहायका पक्षलाई समेत ध्यान दिनु पर्नेछः-

(क) स्रोत सहमति प्राप्त बहुवर्षीय आयोजना, अनिवार्य दायित्व र सिर्जित दायित्व भुक्तानी समेतलाई आवश्यक रकम छुट्याउने,

(ख) ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८०, समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८२ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८२ मा भएका व्यवस्थाहरु (रकमको सीमा लगायत),

(ग) प्रदेश गौरवका आयोजनाहरुको समयमै लक्ष्य हासिल हुने गरि बजेट विनियोजन,

(घ) जिल्लागत, प्रदेश निर्वाचन क्षेत्रगत तथा स्थानीय तहगत सन्तुलन कायम गर्ने,

(ङ) एउटै प्रकृतिका आयोजनाहरुको लागि अन्तर-निकाय समन्वय गरेर मात्र आयोजना छनोट गर्ने,

(च) नयाँ आयोजना तयार गर्दा लागत तथा समयको दोहोरोपना हटाउन सोही स्थान, उद्देश्य र प्रयोजनमा संघीय सरकार र स्थानीय तहले बजेट विनियोजन गरे नगरेको एकीन गर्ने,

(छ) साधन, स्रोत, र समय सीमा भित्र सम्पन्न हुने गरी उपयुक्त संख्यामा मात्र आयोजना छनोट गर्नु पर्ने,

(ज) न्यून लगानीमा तुलनात्मक रुपमा बढी प्रतिफल प्राप्त हुने आयोजनाहरु प्रस्ताव गर्नु पर्ने,





(झ) प्रदेश सरकारबाट बजेट विनियोजन भई भौतिक र वित्तीय प्रगति राम्रो रहेका क्रमागत र सम्पन्न हुन बाँकी आयोजनालाई निरन्तरता दिने,

(ञ) एउटै क्रियाकलाप नम्बरमा एक भन्दा बढी आयोजना समावेश गरी (क्लष्टरमा) प्रस्ताव नगर्ने,

(ट) प्रदेश सरकारका निकायबाट कार्यान्वयन हुने सडक आयोजनाको हकमा सुदूरपश्चिम प्रादेशिक सडक सञ्जाल गुरूयोजना २०८२ अन्तर्गत रहेका आयोजनामा बिनियोजन गर्ने,

(ठ) सम्पन्न भएका प्रादेशिक सडक आयोजनाहरुको नियमित मर्मत सम्भार सडक मर्मत समुह (RMG) मार्फत गर्ने गरी बजेट विनियोजन गर्ने

(ड) अधूरा खानेपानी आयोजनाको छनौटलाई प्राथमिकता दिइ बजेट विनियोजन गर्ने,

(ढ) यातायात सेवा प्रवाहलाई सहज र सरल बनाउन प्रविधिमैत्री कार्यक्रममा बजेट विनियोजन गर्ने,

(ण) प्रदेशले अध्ययन गरेका जल विद्युत आयोजनाहरु सार्वजनिक-निजी साझेदारी (PPP) मोडेलमा आयोजना प्रस्ताव गर्ने,

(त) धार्मिक पूर्वाधार विकास निर्माणको हकमा प्रदेश सरकार मन्त्रिपरिषद्ले तोकेको तथा प्रदेश पर्यटन विकास गुरूयोजना अन्तर्गत रहेका आयोजनाहरु प्रस्ताव गर्नु पर्ने,

(थ) कृषि पूर्वाधार विकास निर्माणको हकमा निर्माण सम्पन्न भइ सञ्चालनमा नरहेका/अधूरा आयोजनाहरु, पूर्व तयारी सम्पन्न भएका आयोजनाहरु मात्र प्रस्ताव गर्नु पर्ने,

(द) पूर्वाधार निर्माण सम्बन्धी आयोजनाहरुलाई उत्पादनसँग जोड्ने गरी बजेट विनियोजन गर्ने,

(ध) प्रदेश सरकारको कार्यक्षेत्र बाहिर पर्ने आयोजना प्रस्ताव नगर्ने,

(न) सिँचाइ पूर्वाधार सम्बन्धी आयोजना तथा कृषि उत्पादन सम्बन्धी कार्यक्रम छनोट गर्दा सम्बन्धित मन्त्रालयहरुले एक आपसमा समन्वय गर्ने,

(प) लक्षित आवास कार्यक्रम विगतमा पहिचान भएका आयोजनाहरुलाई निरन्तरता दिने र प्रदेश निर्वाचन क्षेत्र अनुसार बजेट विनियोजन गर्ने,

(फ) प्रदेशका सरकारी भवन निर्माण तथा मर्मत, शहरी पूर्वाधार निर्माण र प्रदेश





राजधानी निर्माणमा एकरूपता कायम गर्न शहरी विकास तथा भवन कार्यालय मार्फत कार्यान्वयन गर्ने,

(ब) विषयगत मन्त्रालयले आगामी आर्थिक वर्षबाट कार्यान्वयन गरिने नयाँ पूर्वाधार आयोजना प्रस्ताव गर्दा लागतका आधारमा देहाय अनुसारको अवधिमा आयोजना सम्पन्न गर्ने गरी प्रस्ताव गर्नु पर्नेछः-

अ) रु. १० करोड सम्मका आयोजना दुई आर्थिक वर्षभित्र,

आ) रु. १० करोडभन्दा बढी रु. २० करोड सम्मका आयोजना बढीमा तीन वर्षभित्र,

इ) रु. २० करोडभन्दा बढी रु. ५० करोड सम्मका आयोजना बढीमा चार वर्षभित्र,

ई) रु. ५० करोडभन्दा बढी जतिसुकै लागतका आयोजना बढीमा पाँच वर्षभित्र।

(५) दोस्रो प्राथमिकतामा परेका आयोजना छनोट भई आएमा स्रोत सुनिश्चित गर्न मन्त्रालय बाध्य हुनेछैन।

८. **आयोजना छनोट तथा कार्यान्वयन नगरिने:** (१) देहायको अवस्थाका आयोजनाहरु छनोट गरिने छैनः-

(क) मन्त्रालयबाट दिइएको बजेट सीमा भित्र नपर्ने र स्रोतको सुनिश्चितता नभएका आयोजना,

(ख) पूर्वतयारी नभएका आयोजना,

(ग) संघीय सरकार र स्थानीय तहसँग दोहोरो पर्ने आयोजना ,

(घ) सम्पन्न हुन नसक्ने, सान्दर्भिक नदेखिएका अधुरा तथा क्रमागत आयोजना,

(ङ) प्रदेश सरकारका निकायहरुबाट सञ्चालन गरिने दफा ७ मा उल्लेख भएका प्राथमिकतामा नपरेका र सर्तहरु पुरा नगर्ने आयोजना,

(च) गैरसरकारी संघ, संस्था, फाउण्डेसन, प्रतिष्ठान, क्लब वा यस्तै प्रकृतिका अन्य संस्थालाई सशर्त वा निःसर्त चालु अनुदान,

(छ) व्यक्ति विशेषको प्रयोग मात्र आउने पूर्वाधार आयोजनासँग जोडिएका कुनै पनि कार्यक्रम,

(ज) संघीय निकायका कार्यालय वा सरकारी संस्थाको पूर्वाधार निर्माण वा संघीय निकायको कार्यक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित आयोजना वा कार्यक्रम,





(झ) स्थानीय निकायमा वित्तीय हस्तान्तरण भएर जाने अनुदान बाहेक स्थानीय निकायको कार्यक्षेत्रमा पर्ने विषयसँग सम्बन्धित आयोजना वा कार्यक्रम,

(ञ) मन्त्रालयबाट प्रेषित बजेट तर्जुमा मार्गदर्शनमा प्रदेश सरकारले कार्यान्वयन नगर्ने भनी उल्लेख भएका अन्य कार्यक्रम।

९. **विषयगत मन्त्रालयको जिम्मेवारी:** मन्त्रालयको क्षेत्राधिकार भित्रका आयोजनाको प्रस्ताव सङ्कलन, मातहतका निकायको परिचालन, आयोजना बैंकको कार्यान्वयन र बजेट प्रस्तावका सम्बन्धमा विषयगत मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः

(क) मातहतका निकाय र सरोरकारवालाहरुसँगको समन्वयमा आयोजनाको प्रस्ताव सङ्कलन गर्ने,

(ख) आयोजनाको विश्लेषण, मूल्याङ्कन, प्राथमिकिकरण तथा छनोटका लागि आवश्यकता अनुसारको समिति गठन गर्न सक्ने,

(ग) छनोट भएका आयोजनाहरु प्रदेश आयोजना बैंक तर्जुमा दिग्दर्शन, २०८० को व्यवस्था अनुरुप प्रदेश आयोजना बैङ्कमा प्रवृष्टि वा अद्यावधिक गर्ने,

(घ) आयोजना बैंङ्कमा स्वीकृत भएका आयोजनाहरुको प्राथमिकताक्रम, लागत अनुमान, प्राप्त सिलिङ, औचित्य र आवश्यकता अनुरुप आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम १६ को उपनियम (१०) बमोजिम आयोजना छनोट गरी जेठ ७ गते भित्र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ।

## परिच्छेद-३

## <u>विविध</u>

१०. **<u>कार्यक्रम छनोटमा समेत लागु हुने:</u>** प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाका अतिरिक्त कार्यक्रम छनोट सम्बन्धमा समेत यो मापदण्ड लागु हुनेछ।

११. **<u>साझा अधिकार क्षेत्रका आयोजनाको वर्गीकरण:</u>** (१) नेपालको संविधानको अनुसूची-७ र अनुसूची-९ मा उल्लिखित साझा अधिकारको सूची अन्तर्गतका विषयक्षेत्रका आयोजनाहरु मध्ये एक स्थानीय तहमात्र समेटिने आयोजना सम्बन्धित स्थानीय तहले, सम्बन्धित प्रदेश भित्रको एक भन्दा बढी स्थानीय तह समेटिने आयोजना प्रदेशले सञ्चालन गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटा मात्र स्थानीय तह समेटिने आयोजना मध्ये सिँचाई, नदी नियन्त्रण, पहिरो नियन्त्रण, खानेपानी, औद्योगिक





क्षेत्र, विद्युत, प्रसारण लाइन तथा सडकसम्बन्धी अनुसूची-५ बमोजिमका आयोजना प्रदेश वा स्थानीय तहले सञ्चालन गर्नेछन्।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि साझा अधिकारको सूचीमा रहेका विषयमा उल्लिखित सीमाभन्दा बढीको आयोजना सम्बन्धित तहहरुले संयुक्त रुपमा सञ्चालन गर्न सक्नेछन्।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक विपदबाट सिर्जित आपतकालीन अवस्थामा स्थानीय तहको क्षेत्राधिकारमा पर्ने विषयमा समेत प्रदेशले स्थानीय तहको समन्वयमा आयोजना कार्यान्वयन गर्न सक्नेछ।

१२. **<u>मापदण्डको स्पष्टता र थप मापदण्ड निर्धारण:</u>** (१) यस मापदण्डमा भएको व्यवस्थामा कुनै दुविधा उत्पन्न भएमा सोको स्पष्टता आयोगले गरे अनुरुप हुनेछ।

(२) यस मापदण्डसँग नबाझिने गरी आयोगले आयोजना छनोट सम्बन्धमा थप मापदण्ड निर्धारण गर्न सक्नेछ।

(३) आयोजना मूल्यांकनको लागि यस मापदण्डमा निर्धारण गरिएका आधारहरुको अतिरिक्त विषयगत मन्त्रालयले मूल्यांकनको लागि उपयुक्त सूचकहरुको विकास गरी प्रयोग गर्न सक्नेछन्।

१३. **<u>आचारसंहिता पालनाः</u>** (१) आयोजनाको छनोट, मूल्याङ्कन, विश्लेषण, प्राथमिकीकरण तथा बजेट विनियोजन प्रक्रियामा संलग्न कर्मचारी, जनप्रतिनिधि वा अन्य सरोकारवालाले आफ्नो जिम्मेवारी निर्वाह गर्दा स्वार्थहिनता, सदाचारिता, स्वच्छता, इमान्दारिता, वस्तुगतता, निष्पक्षता, तटस्थता, पारदर्शिता र जवाफदेहिता जस्ता सिद्धान्तहरु अवलम्बन गरी सार्वजनिक हित र सरोकारको विषयलाई उच्च प्राथमिकता दिनुपर्नेछ।

(२) उपदफा (१) अनुसारको प्रक्रियामा संलग्न कुनै कर्मचारी, जनप्रतिनिधि वा अन्य कुनै व्यक्तिले आफ्नो जिम्मेवारी निर्वाहका क्रममा आफ्नो निजी वा परिवारको स्वार्थ वा आफ्नो लगानी वा हित रहेको कम्पनी वा व्यवसायलाई मात्र लाभ पुऱ्याउने वा पक्षपोषण हुने गरी काम गर्नु हुँदैन। यस्तो परिस्थिति आएमा आफ्नो तालुक निकाय वा तहमा जानकारी गराइ अलग रहनु पर्नेछ।

१४. **<u>यसै मापदण्ड अनुरुप भएको मानिनेः</u>** (१) यो मापदण्ड लागु हुनुभन्दा अघि जुनसुकै प्रकारले छनोट भइ कार्यान्वयनको चरणमा रहेका आयोजना पनि यसै मापदण्ड अनुरुप छनोट भएको मानिनेछ।





१५. **<u>अनुसूचीमा संशोधनः</u>** आवश्यकता अनुरुप मन्त्रालयको परामर्शमा आयोगले यस मापदण्डको अनुसूचीमा आवश्यक संशोधन गर्न सक्नेछ।

१६. **<u>प्रचलित कानुन बमोजिम हुनेः</u>** यस मापदण्डमा उल्लेख भएका बाहेक अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ।

१७. **<u>बाधा अड्काउ फुकाउनेः</u>** यस मापदण्ड कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयको सहमतिमा आयोगले आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ।

१८. **<u>खारेजी र बचाउः</u>** (१) "सुदूरपश्चिम प्रदेश आयोजना छनोट सम्बन्धी मापदण्ड, २०७६" खारेज गरिएको छ।

(२) सुदूरपश्चिम प्रदेश आयोजना छनोट सम्बन्धी मापदण्ड, २०७६ बमोजिम भए गरेका कामकारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिने छ।

## अनुसूची-१

## (दफा ३ सँग सम्बन्धित)

## आयोजनाको विषयक्षेत्रगत आधार

| क्र.सं. | प्रमुख विषय क्षेत्र | उपक्षेत्रहरु |
|---|---|---|
| १ | आर्थिक विकास | कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र |
| २ | सामाजिक विकास | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| ३ | पूर्वाधार विकास | सडक तथा पुल, झोलुङ्गे पुल, सिंचाइ, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत्, वैकल्पिक ऊर्जा र सञ्चार |
| ४ | संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन | मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, लेखा व्यवस्थापन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा बेरुजु फछ्यौट |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन | वन तथा भूसंरक्षण-, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन |





## अनुसूची-२

## (दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## आयोजना विश्लेषण तथा मूल्याङ्कनको ढाँचा

**सामान्य आधार - ७० अङ्क**

१. तीव्र, दिगो र रोजगारमुलक आर्थिक वृद्धिमा योगदान पुर्‍याउनेः १५ अङ्क

| | | |
|---|---|---|
| क | प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुर्‍याउने | १५ |
| ख | अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुर्‍याउने | १० |
| ग | कम वा सामान्य योगदान पुर्‍याउने | ५ |
| घ | योगदान नपुर्‍याउने | ० |

२. प्रदेशको प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान पुर्‍याउनेः १० अङ्क

| | | |
|---|---|---|
| क | प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुर्‍याउने | १० |
| ख | अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुर्‍याउने | ६ |
| ग | कम वा सामान्य योगदान पुर्‍याउने | ३ |
| घ | योगदान नपुर्‍याउने | ० |

३. दिगो विकास लक्ष्यहरु प्राप्तिमा योगदान पुऱ्याउनेः १० अङ्क

| | | |
|---|---|---|
| क | निम्न विषयहरुमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>• दिगो विकास लक्ष्य-१ (SDG-1) (सबै प्रकारको गरिबीको अन्त्य)<br>• दिगो विकास लक्ष्य-८ (SDG-8) ( (पूर्ण र उत्पादनमूलक रोजगारी प्राप्ति वा वृद्धि) | १० |
| ख | (क) मा उल्लेखित विषयहरुमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | ६ |
| ग | (क) मा उल्लेखित विषयहरुमा कम वा सामान्य योगदान पुऱ्याउने | ३ |
| घ | (क) मा उल्लेखित विषयहरुमा योगदान नपुऱ्याउने | ० |

४. सहभागिताको अवस्थाः १० अङ्क

| | | |
|---|---|---|
| क | निम्न क्षेत्र वा संस्थाहरू मध्ये कुनै एकको सहभागिता रहने<br>• लाभग्राही समुदाय, उपभोक्ता समूह, नागरिक समाज, सामुदायिक संस्था, गैरसरकारी संस्था वा सेवाग्राही<br>• स्थानीय सरकार<br>• निजी क्षेत्र | १० |
| ख | माथि उल्लेखित विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | ६ |





| | | |
|---|---|---|
| ग | माथि उल्लेखित विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | ३ |
| घ | माथि उल्लेखित विषयहरूमा योगदान नपुऱ्याउने | ० |

५. समावेशीकरणमा योगदान - १० अङ्क

(क) क्षेत्रीय समावेशीकरणमा योगदान (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सडक जस्ता पूर्वाधारमा ............ परेका वडा/बस्ती वा टोलमा सञ्चालित हुने आयोजना): ५ अङ्क

| | | |
|---|---|---|
| क | सबै भन्दा पछाडि | ५ |
| ख | केही पछाडि परेका | ४ |
| ग | मध्यम रहेका | ३ |
| घ | सबै भन्दा अगाडी | २ |

(ख) सामाजिक समावेशीकरण र लैङ्गिक मूलप्रवाहीकरणमा योगदानः ५ अङ्क

| | | |
|---|---|---|
| क | दिगो विकास लक्ष्य ५ (SDG-5) सामाजिक र लैङ्गिक मूलप्रवाहीकरण, समानता र सशक्तीकरणलाई प्रत्यक्ष तथा उल्लेख्य रुपमा बढावा दिने | ५ |
| ख | (क) मा उल्लेखित विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने | ३ |
| ग | (क) मा उल्लेखित विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | २ |
| घ | (क) मा उल्लेखित विषयहरूमा योगदान नपुऱ्याउने | ० |

६. आयोजनाको कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारी कार्यः (१५ अङ्क)

[अ र आ मध्ये एउटा छान्ने]

अ) चालु आयोजनाको लागि

| | | |
|---|---|---|
| क | • गत आ.व.को दोस्रो चौमासिकसम्मको औसत भौतिक तथा वित्तीय प्रगति ८० प्रतिशत वा सो भन्दा माथि रहेको,<br>• आगामी आ.व.मा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको, वा नयाँ आयोजनाको लागि<br>• आयोजना कार्यान्वयन तयारी कार्य पूरा भएको। | १५ |
| ख | • गत आ.व.को दोस्रो चौमासिकसम्मको औसत भौतिक तथा वित्तीय प्रगति ६५ प्रतिशत देखि ८० प्रतिशतसम्म रहेको,<br>• आगामी दुई वर्षमा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको, वा नयाँ आयोजनाको लागि<br>• आयोजना कार्यान्वयन तयारी कार्य अन्तिम चरणमा रहेको। | १० |
| ग | • गत आ.व.को दोस्रो चौमासिकसम्मको औसत भौतिक तथा वित्तीय प्रगति ५० प्रतिशत देखि ६५ प्रतिशतसम्म रहेको,<br>• आगामी तीन वर्षमा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको, वा नयाँ आयोजनाको लागि<br>• आयोजना कार्यान्वयन तयारी कार्य भैरहेको। | ८ |





| | | |
|---|---|---|
| घ | • गत आ.व.को दोस्रो चौमासिकसम्मको औसत भौतिक तथा वित्तीय प्रगति ५० प्रतिशत भन्दा कम रहेको,<br>• आगामी चार वर्षसम्ममा पनि आयोजना सम्पन्न हुने सुनिश्चितता नरहेको, वा नयाँ आयोजनाको लागि<br>• आयोजना कार्यान्वयन तयारी कार्य नभएको। | ५ |

आ) नयाँ प्रस्तावित आयोजनाका लागि पूर्व तयारीको अवस्था

| | | |
|---|---|---|
| क | तयारी पूरा भएको (अति उत्तम) | १५ |
| ख | अन्तिम चरणमा रहेको (उत्तम) | १० |
| ग | कार्य भई रहेको (सामान्य) | ५ |
| घ | काय नभएको (न्यून) | ० |

<u>आयोजनाको क्षेत्रगत मूल्याङ्कनका आधार (३०अङ्क)</u>

(अ) आर्थिक विकास क्षेत्र (कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र)-(३० अङ्क)

१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदानः २० अङ्क

| | | |
|---|---|---|
| क | प्रत्यक्ष र अति उल्लेखनीय योगदान पुऱ्याउने (अति उत्तम) | २० |
| ख | अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने (उत्तम) | १२ |
| ग | सामान्य वा कम योगदान पुऱ्याउने (सामान्य) | ६ |
| घ | योगदान नपुऱ्याउने (न्यून) | ० |

२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः १० अङ्क

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने (अति उत्तम)<br>• दिगो विकास लक्ष्य २ (SDG-2) को भोकमरी अन्त्य, खाद्य सुरक्षा, उन्नत पोषण प्राप्ति र दिगो कृषि प्राप्ति र दिगो कृषि प्रवर्द्धन गर्न, वा<br>• दिगो विकास लक्ष्य ९ (SDG-9) को दिगो समावेशी औधोगिकीकरण प्रवर्धन गर्न वा वाणिज्य, पर्यटन, सहकारी, प्रवर्धन गर्न, वा<br>• वित्तीय क्षेत्र प्रवर्धन गर्न | १० |
| ख | माथि उल्लेखित विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने (उत्तम) | ६ |
| ग | माथि उल्लेखित सबै विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने (सामान्य) | ३ |
| घ | माथि उल्लेखित सबै विषयहरूमा योगदान नपुऱ्याउने (न्यून) | ० |

आ) सामाजिक विकास क्षेत्र (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण) (३० अङ्क)

१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदानः २० अङ्क





| | | |
|---|---|---|
| क | प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने (अति उत्तम) | २० |
| ख | अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने (उत्तम) | १२ |
| ग | सामान्य वा कम योगदान पुऱ्याउने (सामान्य) | ६ |
| घ | योगदान नपुऱ्याउने (न्यून) | ० |

२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः १० अङ्क

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने (अति उत्तम)<br>• दिगो विकास लक्ष्य ३ (SDG-3) को स्वस्थ जीवन प्राप्तिका लागि बाल मृत्युदर न्यूनीकरण गर्न, वा<br>• मातृ मृत्युदर न्यूनीकरण वा मलेरिया, क्षयरोग, HIV/AIDS नियन्त्रण गर्न, वा<br>• दिगो विकास लक्ष्य ४ (SDG-4) को सबैको लागि समावेशी र गुणस्तरीय शिक्षा प्राप्ति गर्न, वा<br>• प्राथमिक एवम् माध्यमिक तहमा छात्राः छात्रको अनुपात वृद्धि गर्न, वा<br>• दिगो विकास लक्ष्य ६ (SDG-6) को खानेपानी र सरसफाइ सेवाको उपलब्धताको दिगो सुनिश्चितता गर्न, वा<br>• लैङ्गिक समानता वा सशक्तीकरण गर्न, वा | १० |

| | | |
|---|---|---|
| | • संस्कृति प्रवर्धन गर्न, | |
| ख | माथि उल्लेखित विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने (उत्तम) | ६ |
| ग | माथि उल्लेखित सबै विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने (सामान्य) | ३ |
| घ | माथि उल्लेखित सबै विषयहरूमा योगदान नपुऱ्याउने (न्यून) | ० |

(इ) पूर्वाधार विकास (सडक तथा पुल, झोलुङ्गे पुल, सिंचाइ, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत्, वैकल्पिक ऊर्जा र सञ्चार) (३० अङ्क)

१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदानः २० अङ्क

| | | |
|---|---|---|
| क | प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने (अति उत्तम) | २० |
| ख | अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने (उत्तम) | १२ |
| ग | सामान्य वा कम योगदान पुऱ्याउने (सामान्य) | ६ |
| घ | योगदान नपुऱ्याउने (न्यून) | ० |

२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः १० अङ्क

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने (अति उत्तम)<br>• दिगो विकास लक्ष्य ७ (SDG-7) को दिगो र आधुनिक ऊर्जा सुनिश्चित गर्न, वा | १० |



खण्ड १०) संख्या २, प्रदेश राजपत्र भाग २ मिति २०८३।०१।३१

| | | |
|---|---|---|
| | • दिगो विकास लक्ष्य ९ (SDG-9) को दिगो सडक र अन्य यातायात र सिँचाई सुविधा बढाउन, वा<br>• दिगो विकास लक्ष्य ११ (SDG-11 ) को सुरक्षित, सबल, समावेशी र दिगो सहर विकास गर्न, | |
| ख | माथि उल्लेखित विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने (उत्तम) | ६ |
| ग | माथि उल्लेखित सबै विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने (सामान्य) | ३ |
| घ | माथि उल्लेखित सबै विषयहरूमा योगदान नपुऱ्याउने (न्यून) | ० |

(ई) वातावरण तथा विपद व्यवस्थापन क्षेत्र (वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला/ढल व्यवस्थापन, जल उपन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन) (३० अङ्क)

१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदानः २० अङ्क

| | | |
|---|---|---|
| क | प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने (अति उत्तम) | २० |
| ख | अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने (उत्तम) | १२ |
| ग | सामान्य वा कम योगदान पुऱ्याउने (सामान्य) | ६ |
| घ | योगदान नपुऱ्याउने (न्यून) | ० |

२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः १० अङ्क

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने (अति उत्तम)<br>• दिगो विकास लक्ष्य १३ (SDG-13 ) को जलवायु परिवर्तन अनुकूलन रं वातावरण संरक्षण गर्न, वा<br>• दिगो विकासको लक्ष्य १५ (SDG-15 ) को वनको दिगो व्यवस्थापन, भूक्षयीकरणको रोकथाम, जैविक विविधताको क्षति रोक्न, वा<br>• विपद व्यवस्थापन गर्न | १० |
| ख | माथि उल्लेखित विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने (उत्तम) | ६ |
| ग | माथि उल्लेखित सबै विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने (सामान्य) | ३ |
| घ | माथि उल्लेखित सबै विषयहरूमा योगदान नपुऱ्याउने (न्यून) | ० |

(उ) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन (मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, लेखा व्यवस्थापन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा बेरुजु फछ्यौट) (३० अङ्क)





१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदानः २० अङ्क

| | | |
|---|---|---|
| क | प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने (अति उत्तम) | २० |
| ख | अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने (उत्तम) | १२ |
| ग | सामान्य वा कम योगदान पुऱ्याउने (सामान्य) | ६ |
| घ | योगदान नपुऱ्याउने (न्यून) | ० |

२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः १० अङ्क

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने (अति उत्तम)<br>• दिगो विकास लक्ष्य १६ (SDG-16 ) को शान्ति सुरक्षा अभिवृद्धि गर्न, वा सुशासन अभिवृद्धि गर्न वा<br>• न्यायमा सबैलाई पहुँच बढाउन वा<br>• मानव संसाधन विकास, संस्थागत क्षमता विकास गर्न वा<br>• वित्तीय अनुशासन अभिवृद्धि गर्न वा<br>• जनसंख्या व्यवस्थापन गर्न वा<br>• आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा बेरुजु फछ्यौट गर्न वा<br>• राजस्व वृद्धि र खर्च व्यवस्थापन गर्न वा<br>• सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा | १० |

| | | |
|---|---|---|
| | प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग गर्न, वा<br>• योजना तथा तथ्याङ्क प्रणालीमा सुधार र सुदृढीकरण गर्न । | |
| ख | माथि उल्लेखित विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउने (उत्तम) | ६ |
| ग | माथि उल्लेखित सबै विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने (सामान्य) | ३ |
| घ | माथि उल्लेखित सबै विषयहरूमा योगदान नपुऱ्याउने (न्यून) | ० |





## अनुसूची-३

### (दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

### आयोजनाको प्राथमिकीकरण गर्ने सम्बन्धमा अङ्क गणनाको ढाँचा

**मन्त्रालयको नामः.................................**

**बजेट उपशिर्षकः ...................................**

| क.सं. | आयोजनाको नाम | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धिमा योगदान | प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान | दिगो विकास लक्ष्यहरु प्राप्तिमा योगदान | सहभागिताको अवस्था: | समावेशीकरणमा योगदान (क) + (ख) | आयोजनाको कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारी | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदान | दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान | कुल प्राप्ताङ्क | प्राथमिकता क्रम (P1/P2) |
| | पूर्णाङ्क | १५ | १० | १० | १० | १० | १५ | २० | १० | १०० | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४<br>५ | | | | | | | | | | | |

## अनुसूची-४

## (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## आयोजनाको लागत रकम सीमा

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | आयोजनाको न्यूनतम लागत (रु.) |
|---|---|---|
| १. | प्रदेश लोकमार्ग | ३ करोड |
| | प्रदेश सहायक सडक | १ करोड |
| २. | सिँचाई सतह (तराई) | १ करोड |
| | सिँचाई सतह (पहाड) | २५ लाख |
| | सिँचाई भूमिगत | २५ लाख |
| | सिँचाई नयाँ प्रविधि | २५ लाख |
| ३. | शिक्षा सम्बन्धी भौतिक पूर्वाधार | ३२ लाख |
| ४. | खेलकूद सम्बन्धी भौतिक पूर्वाधार | ५० लाख |
| ५. | स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधार | ५० लाख |
| ६. | प्रदेशको एकल अधिकार क्षेत्र भित्रका अन्य भौतिक पूर्वाधार | ५० लाख |
| ७. | पर्यटन सम्बन्धी भौतिक पूर्वाधार | ५० लाख |
| ८. | कृषि सम्बन्धी भौतिक पूर्वाधार/सिँचाई | ५० लाख |
| ९. | धार्मिक पूर्वाधार सम्बन्धी भौतिक पूर्वाधार | ५० लाख |
| १०. | २० मेगावाट सम्मका ऊर्जा पूर्वाधार सम्बन्धी भौतिक पूर्वाधार | १ करोड |
| ११. | खानेपानी सम्बन्धी भौतिक पूर्वाधार | ३० लाख |
| १२. | जलाधार सम्बन्धी भौतिक पूर्वाधार | ३० लाख |
| १३. | नदी नियन्त्रण | १ करोड |
| १४. | शहरी विकास तथा भवन निर्माण | ४० लाख |

## अनुसूची-५

## (दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

## साझा अधिकारका विषयमा प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने आयोजना

| क्र.सं. | क्षेत्र | स्थानीय तह | प्रदेश |
|---|---|---|---|
| १. | सिँचाई | | |
| | (क) सतह सिँचाइ (नयाँ निर्माण र सिँचाइ व्यवस्थापन /सञ्चालन) | तराई-मधेशमा ५०० हेक्टरसम्म, पहाडमा ५० हेक्टर सम्म र हिमालमा २५ हेक्टरसम्म | तराई-मधेशमा ५०० भन्दा बढी ५,००० हेक्टरसम्म, पहाडमा ५० भन्दा माथि १०० हेक्टरसम्म र हिमालमा २५ भन्दा बढी ५० हेक्टरसम्म |
| | (ख)भूमिगत सिँचाइ (नयाँ निर्माण) | स्यालो ट्युबवेल | तराई-मधेशमा एकल वा क्लस्टरमा २,००० हेक्टरसम्मको डिप ट्युबवेल, पहाड वा हिमालमा एकल वा क्लस्टरमा १०० हेक्टरसम्मका डिप ट्युबवेल |
| | (ग) लिफ्ट सिँचाइ (नयाँ निर्माण) | एकल वा क्लस्टरमा २५ हेक्टरसम्म | क्लस्टरमा २५ भन्दा बढी १०० हेक्टरसम्म |





| क्र.सं. | क्षेत्र | स्थानीय तह | प्रदेश |
|---|---|---|---|
| २ | नदी नियन्त्रण | जोखिमपूर्ण स्थानहरुमा संरक्षण गर्नुपर्ने नदीहरु | तराई-मधेशमा एकातर्फ वा दुवैतर्फ १० कि.मी. सम्म नदी तटबन्ध गर्नुपर्ने नदीहरु र पहाड वा हिमालमा एकातर्फ वा दुवैतर्फ ५ कि.मी. सम्म नदी तटबन्ध गर्नु पर्ने |
| ३ | पहिरो नियन्त्रण | लम्बाई १०० मिटर, फेदको चौडाई ५० मिटर र कुल क्षेत्र ५,००० वर्ग मिटरसम्म | लम्बाई १०० मिटर भन्दा बढी २०० मिटरसम्म, फेदको चौडाई ५० भन्दा बढी १०० मिटरसम्म र कुल क्षेत्र ५,००० भन्दा माथि २०,००० वर्ग मिटरसम्म |
| ४ | खानेपानी | तराई-मधेशमा ८,००० सम्म, पहाडमा २,००० सम्म र हिमालमा ५०० सम्म जनसङ्ख्यालाई प्रशोधित खानेपानी सेवा उपलब्ध गराउने | तराई-मधेशमा ८,००० भन्दा बढी १५,००० सम्म, पहाडमा २,००० भन्दा बढी ५,००० सम्म र हिमालमा ५०० भन्दा माथि १,००० सम्म जनसङ्ख्यालाई प्रशोधित खानेपानी सेवा उपलब्ध गराउने |

| क्र.सं. | क्षेत्र | स्थानीय तह | प्रदेश |
|---|---|---|---|
| ५ | औद्योगिक क्षेत्र | औद्योगिक ग्राम | औद्योगिक क्षेत्र |
| ६ | सडक (चौडाइका आधारमा) | स्थानीय तहभित्र ११ मिटरसम्मका चौडाईका सडकहरु (सो भन्दा बढी २२ मिटरसम्म चौडाइका सडक निर्माण गर्न प्रदेश सरकारसँग र २२ मिटरभन्दा बढी चौडाईका सडक निर्माण गर्न नेपाल सरकारसँग समन्वय गर्नु पर्ने) | प्रदेश लोकमार्गमा पर्ने सडकको अतिरिक्त प्रदेशभित्र ११ देखि २२ मिटर चौडाईको सडक (सो भन्दा बढी चौडाईको सडक निर्माण गर्दा नेपाल सरकारसँग समन्वय गर्नु पर्ने) |
| ७ | विद्युत | १ मेगावाटसम्मको जलविद्युत वा घरायसी र संस्थागत प्रयोजनको लागि सौर्य वा वायु उर्जा उत्पादन | १ भन्दा बढी २० मेगावाटसम्मको जलविद्युत वा १ मेगावाटसम्मको सौर्य र वायु उर्जा उत्पादन |
| ८ | प्रसारण लाईन | ११ केभि भन्दा कमका ग्रामीण तथा सामुदायिक विद्युतीकरण | ११ केभि |





आज्ञाले,
धन बहादुर रोकाया
प्रदेश सरकारको निमित्त सचिव।



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. १५।-